# नगर प्रमुख श्री भरत बडायर जोशीले
# २०८३ असार ३ गते बुधबारका दिन
# नगरसभाको १९औं बैठकलाई गर्नुभएको सम्बोधन

# परशुराम नगरपालिकाको
# आर्थिक वर्ष २०८३/८४ को
# नीति तथा कार्यक्रम
# २०८३

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**परशुराम नगरपालिकाका**
**नगर उपप्रमुखज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**नगरसभा सदस्यज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारीहरू,**
**सम्पूर्ण नगरवासी महानुभावहरू**

परशुराम नगरपालिकाको विकास, समृद्धि र सुशासनको यात्रामा महत्त्वपूर्ण आधार स्थापना गर्न सुरु भएको यस गरिमामय नगरसभाको १९औं नगर अधिवेशनमा उपस्थित हुनुभएका जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू तथा सम्पूर्ण नगरबासी महानुभावहरूमा म हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र र स्थानीय स्वायत्त शासनको मर्मलाई आत्मसात् गर्दै, परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव र खुसीको अनुभूति भएको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, आदिवासी-जनजाति, महिला, दलित, उत्पीडित वर्ग र समुदायका न्यायपूर्ण सङ्घर्षहरू एवं स्थानीय स्वायत्तताका लागि भएका आन्दोलनहरूमा अमूल्य योगदान पुऱ्याउनुहुने सम्पूर्ण राजनीतिक अगुवा, नागरिक समाज र आम जनसमुदायको योगदानलाई म उच्च सम्मानका साथ स्मरण गर्दछु।

यस ऐतिहासिक अवसरमा, सात दशक लामो लोकतान्त्रिक र गणतान्त्रिक सङ्घर्षका विभिन्न कालखण्डमा राष्ट्र, राष्ट्रियता, र नागरिक अधिकारका लागि आफ्नो प्राणको आहुति दिने सम्पूर्ण अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, बेपत्ता, घाइते र अपाङ्गता भएका योद्धाहरूको त्यागको स्मरण गर्दै उहाँहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

सङ्घीय सरकारको हालै सार्वजनिक भएको नीति, कार्यक्रम तथा बजेट वक्तव्यले अघि सारेको **"आर्थिक सुधार, नवप्रवर्तन, युवा रोजगारी र समृद्धिको नयाँ संकल्प"** लाई संस्मरण गर्दै, सोही राष्ट्रिय लक्ष्यसँग तादाम्य राख्ने गरी हामीले यस नगरपालिकाको नीति तथा कार्यक्रम तय गरेका छौं।

गत आर्थिक वर्षमा यस सम्मानित नगरसभाले स्वीकृत गरेका नीति, कार्यक्रम र बजेटबाट प्राप्त मार्गदर्शन, सिकाइ र उपलब्धिका लागि म नगरसभाका सम्पूर्ण सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दछु। विकासको प्रक्रियामा रचनात्मक सुझाव दिने राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, र आम नगरबासीप्रति हार्दिक आभार प्रकट गर्दछु।

यस नीति तथा कार्यक्रमले परशुराम नगरपालिकालाई समृद्ध, न्यायपूर्ण, प्रविधिमैत्री र सुशासनयुक्त बनाउन सहयोग गर्ने कुरामा म विश्वस्त छु।

**नगरसभा सदस्यज्यूहरू,**

राष्ट्रिय लक्ष्य तथा सुख, समृद्धि एवम् सुशासनको आकांक्षालाई परशुराम नगरपालिकाको परिवेश, नगरबासीको माग तथा आवश्यकता र नगरपालिकाको आर्थिक सक्षमता तथा स्रोत उपलब्धतासँग तादात्म्य हुने गरी देहायका दस्तावेज तथा मार्गदर्शनलाई आत्मसाथ गरी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तयार गरेको छु।

- नेपालको संविधान
- १६औं योजना
- दिगो विकासका लक्ष्यहरू
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन- २०७८

- संघ सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, र बजेट वक्तव्य
- शासकीय सुधारका १०० कार्यसूची तथा राष्ट्रिय प्रतिबद्धतापत्र
- सुशासन मार्गचित्र- २०८२ का सुझावहरू
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदनका सुझावहरू
- नगरपालिकाका प्रचलित नीति तथा कानूनहरू
- स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदनहरू
- नगर कार्यपालिकाका निर्णय तथा घोषणाहरू
- नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम, र बजेट वक्तव्य
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरू तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शनहरू
- बस्ती, टोल तथा वडा भेलाबाट पारित भई आएका निर्णयहरू
- नागरिक समाज तथा नगरबासीबाट प्राप्त सुझावहरू

अब म परशुराम नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ मा अनुशरण गर्ने नीति तथा कार्यक्रमहरू विषयक्षेत्रगत रूपमा नगरसभा समक्ष प्रस्तुत गर्दछु।

**नगरसभा सदस्यज्यूहरू,**

**अब म आर्थिक विकास क्षेत्र अन्तर्गतका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।**

**<u>कृषि तथा पशु सेवा र सहकारी</u>**

१. कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि, आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरण, व्यावसायिकरण र स्थानीयकरणमा प्रत्यक्ष योगदान गर्ने खालका कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइनेछ।

२. माटो स्वास्थ्य सुधार तथा उपचार, बालीनाली संरक्षण, रोग तथा कीरा नियन्त्रण, जैविक मल तथा भर्मी कम्पोष्ट मल, साना कृषि सिँचाईसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

३. रैथाने बालीको संरक्षण तथा संवर्द्धनका लागि स्थानीय कोदो, मकै, धान, तोरी, चोतो (मुला) लगायतको खेती गर्न प्रोत्साहन गरिनेछ।

४. उत्पादनमा आधारित आलुबाली प्रोत्साहन कार्यक्रमलाई व्यवस्थित गर्दै आलु बीउँको चिस्यानगृहसम्म ढुवानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५. कृषि उपजहरूलाई सुरक्षित रूपमा लामो समयसम्म भण्डारण गर्न तथा बिक्री वितरणलाई सहज बनाउन नगरपालिकामा एक चिस्यानगृहको निर्माण गरिनेछ।

६. कृषि उपजहरूको ढुवानीमा सहजता तथा बजारसम्म पहुँच अभिवृद्धिका लागि "कृषि एम्बुलेन्स" सञ्चालन गरिनेछ।

७. नगरपालिकामा फलफूल उत्पादनमा वृद्धि गर्न तथा व्यावसायिक रूपमा विकास गर्न फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ।

८. कृषिजन्य उपज तथा यन्त्र उपकरणहरूमा प्रदान गरिने अनुदानलाई व्यवस्थित, लागत साझेदारीमा आधारित र प्रभावकारी बनाइनेछ। साथै, हालसम्म वितरण गरिएको अनुदानको तथ्यांक संकलन, अनुगमन तथा प्रभावकारिता अध्ययन गरिनेछ।

९. लोपोन्मुख पशुपंक्षीको संरक्षण तथा संवर्द्धन र कृत्रिम एवम् प्राकृतिक तरिकाले नश्ल सुधार गरी कृषकहरूको आय आर्जनमा वृद्धि गर्ने खालका कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइनेछ।

१०. व्यावसायिक कृषकहरूलाई राँगा, बोका, बीर तथा खोर गोठ निर्माण तथा व्यवस्थापनका लागि लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
११. कृषकहरूले पशुचौपायामा गरेको लगानी जोखिमलाई न्यूनिकरण तथा लागत घटाउन पशु बीमा कार्यक्रम सञ्चालन गरिनेछ।
१२. पशुचौपायाहरूको उपचार खर्च तथा औषधी खरिदको लागत न्यूनिकरण गर्न पशु खोप कार्यक्रमलाई व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ।
१३. कृषिजन्य तथा पशुजन्य उत्पादनको सहज तथा सुपथ रूपमा बिक्री वितरणका लागि एकीकृत कृषि हाटबजारको व्यवस्थापन गरिनेछ।
१४. छाडा पशुचौपायाहरूको समस्या न्यूनिकरण गर्न गौशालाको सुदृढीकरण गरी सञ्चालन तथा दिगो व्यवस्थापन गरिनेछ।
१५. कृषि तथा पशु क्षेत्रको समग्र विकासका लागि "नगरप्रमुख कृषि विकास कार्यक्रम" लाई निरन्तरता दिइनेछ।
१६. कृषकहरूको व्यक्तिगत विवरण तथा स्वामित्वमा रहेको कृषियोग्य जमीनको तथ्यांक संकलन र व्यवस्थापनका लागि किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१७. कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी नीति, कार्यक्रम तथा क्रियाकलापलाई तथ्य प्रमाणमा आधारित बनाउन सोको तथ्यांक संकलन, अद्यावधिकरण तथा व्यवस्थापन गरिनेछ।
१८. कृषि तथा पशु सेवा सम्बद्ध कर्मचारीका लागि आवश्यक तालिम, प्रशिक्षण तथा कार्यशालाको व्यवस्था गरिनेछ। साथै, नगरभित्रका युवा तथा अग्रज कृषकहरूका लागि कृषि तथा पशुपालनसम्बन्धी तालिमहरू प्रदान गरिनेछ।
१९. नगरपालिकाभित्र दर्ता भएका सहकारी संस्थाहरूको एकीकरण तथा डिजिटल कारोवारलाई प्रोत्साहन गर्दै COPOMIS मा आबद्धता गरिनेछ। साथै, सहकारीहरूको अनुगमनलाई प्रभावकारी बनाइनेछ।
२०. सहकारीमा आबद्ध महिला तथा सदस्यहरूका लागि वित्तीय साक्षरता तथा क्षमता अभिवृद्धि र समितिका सदस्यहरूलाई सहकारी लेखा व्यवस्थापन तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

**<u>श्रम तथा रोजगार</u>**

२१. बेरोजगार युवालाई बजार माग अनुसारको व्यावसायिक तथा प्राविधिक सीपमूलक तालिमको व्यवस्था मिलाइनेछ। साथै, स्वदेश तथा विदेशबाट फर्किएका सीपयुक्त युवाको ज्ञान, अनुभव र पुँजीलाई स्थानीय उद्यममा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

२२. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम कार्यान्वयनमार्फत सूचना तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता, डिजिटल साक्षरता र सीपमूलक तालिम प्रदान गरिनेछ।

२३. श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत रही मर्यादित काम तथा सुरक्षित कार्य वातावरण सुनिश्चित गर्न श्रमिक अधिकारसम्बन्धी जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२४. नगरपालिकाभित्र रहेका युवाहरूको शिक्षा, सीप, रुचि, वैदेशिक अनुभव तथा रोजगार अवस्थाको डिजिटल "युवा तथा रोजगार प्रोफाइल" र नगरपालिकाको रोजगार रणनीति तयार गरिनेछ।

२५. रोजगार सेवा केन्द्रलाई स्थानीय श्रम बजार सूचना, रोजगार परामर्श, नवप्रवर्तन, डिजिटल उद्यमशीलता तथा स्टार्टअप संस्कृति विकास, करियर काउन्सिलिङ, सीप अभिलेखीकरण, तथ्यांक तथा रोजगार समन्वय केन्द्रका रूपमा विकास गरिनेछ।

२६. लोकसेवा आयोग लगायतका प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा प्रतिस्पर्धीहरूलाई सहजीकरणका लागि तयारी कक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**<u>प्राविधिक सीप तथा उद्यमशीलता विकास</u>**

२७. उत्पादन र उत्पादकत्व वृद्धि हुने, स्थानीयस्तरमा उद्यमशीलताको विकास तथा पर्याप्त रोजगारीका अवसर सिर्जना हुने र स्थानीय आर्थिक गतिविधि तथा आर्थिक वृद्धिलाई सघाउ पुऱ्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ।

२८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नगरपालिकामा रहेका उद्यमीहरूको आवश्यक पहिचान गरी पुनर्ताजगी र एडभान्स सीप विकास तालिमहरू सञ्चालन गरिनेछ।

२९. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि उद्यमशीलतामा आबद्ध समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

३०. लघु उद्यम विकास मोडलमा नयाँ लघु उद्यमीहरूको उत्पादनमा जोड दिइनेछ। साथै, स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यमी तथा व्यावसायीहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३१. रोजगार तथा उद्यमशीलतासम्बन्धी तालिम तथा प्रशिक्षणहरूलाई एकीकृत रूपमा "सीप मेला" को आयोजना गरी सञ्चालन गरिनेछन्।

**नगरसभा सदस्यज्यूहरू,**

**अब म पूर्वाधार विकास क्षेत्र अन्तर्गतका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।**

## आयोजना व्यवस्थापन तथा सुशासन

३२. पूर्वतयारी सम्पन्न भई स्रोत सुनिश्चितता भएका रणनीतिक महत्व र ठूलो मात्रामा रोजगारी सिर्जना तथा पुँजी निर्माणमा सघाउ पुऱ्याउने गुणस्तरीय आयोजना तथा कार्यक्रमहरू छनौट गरी पर्याप्त बजेट विनियोजन गरिनेछ।

३३. नगर गौरवका, बहुवर्षीय ठेक्का प्रक्रियामा गएका, निर्माणाधीन एवम् उत्पादनशील क्षेत्रका आयोजनालाई पर्याप्त बजेटसहित उच्च प्राथमिकता दिइनेछ।

३४. नगरपालिका तथा मुलुकको आर्थिक वृद्धि, रोजगारी सिर्जना र पुँजी निर्माणमा योगदान नगर्ने पटके, टुक्रे तथा साना र अनुत्पादनशील तथा वितरणमुखी आयोजनाहरूलाई निरूत्साहित गरिनेछ।

३५. उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमलाई व्यवस्थित गर्न समयमैं योजना सम्झौता, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाइनेछ।

३६. विकास आयोजनाको नतिजामूलक अनुगमनका लागि निरीक्षण तथा अनुगमन योजना तयार गरिनेछ। साथै, नगरपालिकाबाट निर्माण भएका भौतिक

पूर्वाधारहरूको तथ्यांक संकलन, डिजिटल अभिलेखीकरण, व्यवस्थापन तथा पूर्वाधार लेखापरीक्षण (Infrastructural Audit) गरिनेछ।

३७. आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण तथा छनोटलाई व्यवस्थित एवम् लागतप्रभावी बनाउन "आयोजना बैंक (Project Bank)" को स्थापना गरिनेछ।

३८. निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूबाट कार्यान्वयन हुने निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा सामानको गुणस्तर जाँचका लागि सिभिल प्रयोगशाला (Civil Lab) को स्थापना गरिनेछ। साथै, पूर्वाधार विकास शाखालाई स्रोत साधन सम्पन्न बनाउन आवश्यक फिल्ड सामाग्री तथा सवारी साधनको प्रबन्ध मिलाइनेछ।

३९. ठेक्का व्यवस्थापन तथा आयोजना सुशासनलाई प्रभावकारी बनाउन प्राविधिक कर्मचारीहरूका लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ।

४०. कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिहरूलाई हस्तान्तरण गर्ने अभ्यासको थालनी गरिनेछ। साथै, सञ्चालित आयोजनाको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिनेछ।

४१. आयोजना सुशासनलाई प्रभावकारी बनाउन मध्यमकालीन खर्च संरचना, खरिद गुरुयोजना, वार्षिक खरिद योजना, आयोजना कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्यांकन र सार्वजनिक खरिद कानूनको कडाइका साथ कार्यान्वयन गरिनेछ।

४२. भौतिक पूर्वाधारको निर्माण गर्नुअघि वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन, वनक्षेत्र उपयोगसम्बन्धी स्वीकृति, जग्गा प्राप्ति लगायतका पूर्वतयारी अनिवार्य रूपमा गरिनेछ। साथै, पूर्वाधार विकासलाई दीगो विकासमैत्री र जलवायु परिवर्तनका प्रभाव तथा विपद्को मारलाई थेग्न सक्ने, उत्थानशील बनाइनेछ।

४३. उपभोक्ता समिति तथा ठेक्का प्रक्रियाबाट विगतका आर्थिक वर्षदेखि सञ्चालनमा रहेका, सम्पन्न हुन नसकेका तथा आर्थिक दायित्व सिर्जना भएका आयोजनाहरूलाई उच्च प्राथमिकता दिँदै सम्पन्न गरिनेछ।

४४. निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको दीगो उपयोग तथा संरक्षणका लागि नियमित "मर्मत सम्भार तथा निरीक्षण योजना" तयार गरी कार्यान्वयन गरिनेछ।

४५. लागत अनुमान यथार्थपरक बनाउन, आयोजना कार्यान्वयन तथा भुक्तानी प्रक्रियामा सहजता ल्याउन स्थानीय निर्माण सामग्री, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय दररेट आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै निर्धारण गरी लागू गरिनेछ।

४६. नगरपालिकाबाट निर्माण हुने सार्वजनिक भवन तथा संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउँदै प्रचलित भवन संहिता तथा मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**<u>रणनीतिक सडक सञ्जाल</u>**

४७. नयाँ सडकको ट्र्याक खोल्ने कार्यलाई न्यून प्राथमिकता दिँदै हाल सञ्चालनमा रहेका, निर्माणाधीन तथा मर्मत सम्भारको आवश्यकता देखिएका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न सकिने गरी स्तरोन्नति गर्नमा जोड दिइनेछ। यसका लागि **"मर्मत सम्भार कोष"** को व्यवस्था गरिनेछ।

४८. परशुराम नगरपालिकाबाट तयार भएको सडक गुरूयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

४९. "साँदनी– जमरानी – गाइबाँधे – कुर्मुल्ले – सलेता सडक", "शीर्ष – सिमल्टा – हल्दाडी – असुरानी सडक", "लिप्ना – तिखाचुली – नायल – बुडर सडक", "शीर्ष – बसौटी – भागेश्वर – धुरा सडक", "खानीडाँडा – सेलेगडा – लिप्ना – गुप्तीगडा– साइसौन – गैरीखान – मलास – रैचेनी – कसान – ब्रम्हदेउ सडक", "साँदनी – गैरीखान – चुनेपानी सडक", "कैनपानी – बोडाताल – कोलखान – कटौंजी सडक", "शिर्ष – बसौटी – गोगन सडक" हरूलाई नगरपालिकाका रणनीतिक सडकहरूको रूपमा विकास र विस्तार गरिनेछ।

**<u>सहरी विकास, खानेपानी तथा सरसफाई र सिंचाइ</u>**

५०. नगरलाई स्वच्छ, सफा, सुन्दर, सहज एवम् जीवन्त बनाउन आवश्यकता तथा सम्भाव्यता अध्ययनका आधारमा नगरबस सञ्चालन, महत्वपूर्ण सार्वजनिक

स्थल तथा बजारक्षेत्रमा बसपार्क, सार्वजनिक शौचालय, खानेपानी संरचना, र मौलिक शैलीमा यात्रु प्रतिक्षालय निर्माण गरिनेछ।

५१. बजारक्षेत्रलाई सुरक्षित र सुन्दर बनाउन सडक वत्तीहरू (Street Lights), हाइ मास्ट बत्ती (High-mast Light), सिसिटिभी क्यामेरा जडान गरिनेछ। ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५२. नगरपालिकामा पूर्ण विद्युतीकरण, इन्टरनेट तथा सूचना प्रविधिको पहुँच विस्तारका लागि अप्टिकल फाइबर विस्तार कार्यमा सम्बद्ध निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ। साथै, सार्वजनिक भवन तथा संरचनाहरूमा सौर्य ऊर्जा लगायत वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

५३. स्वच्छ खानेपानीको दिगो, भरपर्दो र नियमित आपूर्तिका लागि "कटाल बृहत खानेपानी योजना, प.न.पा.–४", "बसन्यौटा–ददिगडा–काजीगडा–गाँजलीगडा लिफ्ट खानेपानी योजना प.न.पा.–७", "लालढुंगा खानेपानी योजना, प.न.पा.–१२", र "परिगाउँ खानेपानी योजना, प.न.पा.–५" निर्माण गरिनेछ।

५४. सिँचाई पूर्वाधारहरूलाई उच्च प्राथमिकता दिँदै डिप बोरिङ, लिफ्ट सिँचाइ, प्लाष्टिक पोखरी सिँचाइ, तथा पोखरी सिँचाइका लागि प्रोत्साहन गरिनेछ।

५५. "कैनपानी–माझापानी लिफ्ट सिँचाइ योजना, प.न.पा.–१२" को निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

**अब म सामाजिक विकास क्षेत्र अन्तर्गतका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।**

## शिक्षा तथा मानव पुँजी निर्माण

५६. मानव पुँजी निर्माण, मानव विकास सूचकांक, दीगो विकासका लक्ष्य, सोहौं योजना तथा शिक्षाका स्थानीय, राष्ट्रिय र प्रादेशिक लक्ष्यहरू प्राप्तिमा सहयोगी शिक्षा नीति तथा कार्यक्रमहरू अख्तियार गरिनेछन्।

५७. नगरपालिकाको साक्षरता दरमा उल्लेख्य वृद्धि हुने, शैक्षिक गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि हुने र सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्ति उत्पादनमा केन्द्रित कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइनेछ।

५८. मानवीय मूल्ययुक्त, नैतिकवान तथा सुसंस्कृत जनशक्ति निर्माणमा नगरपालिकाको शिक्षा नीति केन्द्रित हुनेछ। साथै, स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको निर्माण गरी पठनपाठन प्रारम्भ गरिनेछ।

५९. अपांगता भएका बालबालिकाको शिक्षामा सहज, समन्यायिक तथा समावेशी पहुँचका लागि सहायक सामाग्रीहरूको उपलब्धताका लागि आवश्यक सहजीकरण गरिनेछ।

६०. विद्यालयहरूको भौतिक संरचना निर्माण, मर्मत सम्भार र उपयोगमा जोड दिँदै "विद्यालय भौतिक पूर्वाधार सुधार कार्यक्रम" का लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

६१. विद्यालयहरूमा सिकाइ र अध्यापन विधिमा सुधार गर्न सूचना प्रविधिमा आधारित अध्ययन अध्यापनलाई प्रोत्साहन गर्दै सूचना प्रविधिमैत्री विद्यार्थी, शिक्षक तथा विद्यालय निर्माणमा जोड दिइनेछ।

६२. शिक्षकहरूको छनौट तथा भर्ना, आन्तरिक सरूवा, दरबन्दी मिलान, समायोजन तथा विद्यालय समायोजनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

६३. कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षणलाई थप व्यवस्थित, गुणस्तरीय, विश्वसनीय र प्रभावकारी बनाइनेछ।

६४. विद्यार्थीहरूलाई अध्ययनमा प्रोत्साहन तथा आर्थिक सहुलियत प्रदान गर्न "प्राविधिक तथा व्यवसायिक विद्यार्थीलाई शैक्षिक ऋण कार्यक्रम", "कक्षा ११ र १२ का लागि शैक्षिक शुल्क अनुदान कार्यक्रम", र "छोरी बुहारी छात्रवृत्ति कार्यक्रम" लाई निरन्तरता दिइनेछ। साथै, यि कार्यक्रमहरूलाई व्यवस्थित बनाउँदै कार्यान्वयनको अनुगमन र हालसम्मको प्रभावकारिता अध्ययन गरिनेछ।

६५. सिद्धनाथ माध्यमिक विद्यालय, प.न.पा.–१२, पन्तुराको प्राविधिक तथा विज्ञानधार व्यवस्थापनका लागि प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

६६. विद्यालयहरूको शैक्षिक वातावरण, नतिजा तथा गुणस्तरमा सुधार गर्न विद्यालय व्यवस्थापन समिति, अभिभावक, वडा कार्यालय तथा नगरपालिकाबाट नियमित विद्यालय अनुगमन, पृष्ठपोषण र मूल्यांकनमा जोड दिइनेछ।

६७. कक्षा १० का विद्यार्थीहरूको शैक्षिक नतिजामा सुधारका लागि "एस.इ.इ. विशेष तयारी कक्षा सञ्चालन कार्यक्रम" लाई निरन्तरता दिँदै थप व्यवस्थित, परिणामुखी र प्रभावकारी बनाइनेछ।

६८. विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलापहरू, प्राविधिक सीप तथा तालिमका कार्यक्रमहरू सञ्चालन गरी जीवनोपयोगी, आत्मनिर्भर र नवप्रवर्तनमुखी शिक्षामा जोड दिइनेछ। साथै, विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्न "विद्यार्थी स्वास्थ्य प्रोफायल" कार्यक्रमलाई व्यवस्थित बनाउँदै निरन्तरता दिइनेछ।

६९. स्रोतको उपलब्धता तथा आवश्यकताका आधारमा विद्यालयमा बस तथा आवासीय भवनको प्रबन्ध मिलाइनेछ।

७०. नगरपालिका तथा शिक्षा शाखाबाट विगतका वर्षहरूमा सञ्चालित प्रमुख शिक्षासम्बन्धी कार्यक्रमहरूको तथ्यांक संकलन, अनुगमन तथा प्रभावकारिता अध्ययन गरिनेछ। साथै, विद्यालयहरूको भौतिक तथा जिन्सी सम्पत्तिको तथ्यांक, उपयोग तथा व्यवस्थापनको अद्यावधिक प्रतिवेदन तयार गरिनेछ।

७१. शिक्षा क्षेत्रमा संघ सरकार तथा प्रदेश सरकारबाट प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा तोकिएको क्षेत्र, उपक्षेत्र, मानदण्डमा आधारित भई लक्ष्य प्राप्तिमा केन्द्रित गरिनेछ। साथै, यस्ता कार्यक्रमहरूलाई समयमैं कार्यान्वयन गरी सञ्चालन तथा व्यवस्थापन खर्चलाई मितव्ययी, नतिजामुखी र प्रभावकारी बनाइनेछ।

## युवा तथा खेलकूद

७२. प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने, खेल पर्यटनलाई प्रवर्द्धन गर्ने तथा व्यावसायिक रूपमा उच्च सम्भावना भएका खेलकूद सम्बन्धी कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइनेछ।

७३. माध्यमिक तहका विद्यालयहरूमा विभिन्न खेल विधाहरू र आत्मरक्षासम्बन्धी तालिम तथा प्रशिक्षण दिने कार्यलाई निरन्तरता दिइनेछ।

७४. युवाहरूलाई लागुपदार्थ दुर्व्यसनी, धुम्रपान र मद्यपान तथा कुलतबाट जोगाउनका लागि "लागुपदार्थ दुर्व्यसनी विरूद्धको अभियान" सञ्चालन गरिनेछ।

७५. नगर गौरवको आयोजनाका रूपमा रहेको “परशुराम क्रिकेट स्टेडियम, परशुराम नगरपालिका वडा नं १२” लाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

७६. नगरपालिकाका दुर्गम वडा तथा क्षेत्रहरूमा खेलकूदको विकास गर्ने नीति अन्तर्गत वडा नं. १, २, ३, ८, ९, १० र ११ मा भलिबल कोर्ट, वडा नं. ५, ६ र ७ मा क्रिकेट अभ्यास जाली (Practice Net) र वडा नं. ४ मा रहेको क्रिकेट मैदानलाई सञ्चालनमा ल्याइनेछ।

७७. नगरपालिकाका वडा नं. ४ र १२ मा रहेका खेलकूद हलहरू (Covered Hall) लाई घरभित्र खेलिने खेलहरू (Indoor Games), शारीरिक व्यायाम, आत्मरक्षासम्बन्धी तालिम लगायत बहुउद्देशीय प्रयोजनमा उपयोग गरिनेछ।

७८. “फिल्डीगडा खेलमैदान, प.न.पा.–१२” लाई बहुउद्देश्यीय खेलमैदानका रूपमा विकास गरिनेछ।

७९. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगितामा नगरपालिकाबाट सहभागी हुने खेलाडीहरूलाई गरिने सम्मान तथा पुरस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## <u>जनस्वास्थ्य</u>

८०. स्वास्थ्य सूचकहरूमा सुधार हुने गरी गुणस्तरीय, सर्वसुलभ र प्रभावकारी आधारभूत स्वास्थ्य सेवा, पोषण तथा खोपको सुनिश्चितता गर्दै सुदृढ एकीकृत जनस्वास्थ्य प्रणालीको विकास गरिनेछ।

८१. नगरपालिकाका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ।

८२. नगरपालिकालाई पूर्ण पोषणमैत्री नगरपालिकाका रूपमा विकास गर्न खाद्य असुरक्षा तथा कुपोषणको उच्च जोखिममा रहेका व्यक्ति, परिवार तथा टोल समुदायको पहिचानका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

८३. किशोरकिशोरी तथा युवाहरूलाई चिन्ता, तनाव, मानसिक रोग, लागुपदार्थ दुर्व्यसनी र आत्महत्याबाट बचाउन योग, ध्यान तथा अध्यात्म, सकारात्मक

सोच, मनोपरामर्श तथा आयुर्वेद जस्ता वैकल्पिक उपचार पद्धतिमा आधारित कार्यक्रमहरूलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।

८४. स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारद्वारा तोकिएका ९८ प्रकारका अत्यावश्यक औषधीहरूको निरन्तर उपलब्धताका लागि औषधी खरिद तथा व्यवस्थापनलाई प्रभावकारी बनाउँदै नागरिकहरूको स्वास्थ्य उपचारमा हुने व्यक्तिगत खर्च (Out-of-Pocket Expenditure) लाई घटाइनेछ।

८५. नसर्ने रोग, सरूवा रोग तथा दीर्घ रोग र मानसिक रोगहरूको पहिचान र निदानका लागि विशेषज्ञ सेवासहित स्वास्थ्य परीक्षण शिविर (Screening Campaign) सञ्चालन कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ।

८६. "जेष्ठ नागरिक तथा दीर्घ रोगी निःशुल्क औषधी वितरण कार्यक्रम" लाई व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।

८७. नगरपालिकाभित्र सुरक्षित मातृत्व (गर्भावस्था, प्रसव तथा सुत्केरी अवस्था) सम्बन्धी ज्ञान तथा सचेतना अभिवृद्धि गर्न एवम् मातृ तथा नवशिशु मृत्युदरलाई उल्लेखनीय रूपमा कम गर्न संस्थागत प्रसुती सेवालाई प्रोत्साहन गर्दै क्रमिक रूपमा नगरपालिकालाई "पूर्ण संस्थागत प्रसूती नगरपालिका" मा रूपान्तरण गरिनेछ।

८८. सुत्केरी महिलाहरूको पोषण सुनिश्चितताका लागि "सुत्केरी महिलाहरूका लागि उपमेयर कोसेली कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

८९. किशोरी तथा महिलाहरूलाई सुरक्षित गर्भपतन सेवा र परिवार नियोजन सेवाका सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालनलाई उच्च प्राथमिकता दिइनेछ। साथै, गर्भपतनका लागि अनुमति प्राप्त स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीमार्फत मात्र उक्त सेवा लिन प्रोत्साहन गरिनेछ।

९०. नगरपालिकालाई "पूर्ण खोप सुनिश्चित" नगरपालिकाका रूपमा विकास गर्न सबै बालबालिका तथा गर्भवती महिलाहरूलाई राष्ट्रिय खोप तालिका बमोजिम प्रदान गरिने खोप सेवाहरूमा सहज पहुँचको सुनिश्चितता गरिनेछ।

९१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकासका लागि प्रभावकारी तालिम, प्रशिक्षण एवम् प्रोत्साहनको व्यवस्था गर्दै तिनलाई स्वास्थ्य सेवा सुधार संवाहकका रूपमा विकास गरिनेछ। साथै, राष्ट्रिय महिला सामुदायिक

स्वास्थ्य स्वयंसेविका कार्यक्रम अनुसार नगरपालिकाको जनसंख्या र भूगोल अनुसार स्वयंसेविका सेवालाई व्यवस्थित गरिनेछ।

९२. स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा प्रवाह गरिने सेवाहरूमा थप विस्तार गरिनेछ। स्वास्थ्य संस्थाहरूमा जनशक्ति, उपकरण तथा स्रोतको प्रभावकारी व्यवस्थापन गरिनेछ।

९३. साँदनी स्वास्थ्य चौकीलाई आवश्यक जनशक्ति, भौतिक पूर्वाधार तथा स्रोत साधनसहित अस्पतालका रूपमा स्तरोन्नति गरिनेछ। साथै, शीर्ष स्वास्थ्य चौकी, परिगाउँ र सहरी स्वास्थ्य केन्द्र, कुर्मुल्लेबाट प्रदान गरिने सेवामा थप विस्तार तथा वडा नं. १२ मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिनेछ।

९४. नगरपालिकाभित्र स्वास्थ्य बीमामा सबैको पहुँच सुनिश्चितताका लागि गरिब तथा लक्षित वर्ग लगायतका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९५. नागरिकहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार तीस मिनेटभित्र स्वास्थ्य सेवा लिन सक्ने गरी सेवाको विस्तार तथा सुनिश्चितता गर्न गाउँघर क्लिनिक तथा घुम्ती स्वास्थ्य सेवाहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

९६. आँखासँग सम्बन्धित रोगहरूको स्वास्थ्य परीक्षण, उपचार तथा प्रेषण सेवा प्रदान गर्न गेटा आँखा अस्पताल, कैलालीसँगको साझेदारीमा सञ्चालित जोगबुडा आँखा उपचार केन्द्रलाई निरन्तरता दिइनेछ।

९७. स्थानीय परम्परागत उपचार पद्धति अन्तर्गत धामी/झाँक्री, बैद्य, ज्योतिषी, देवी/आँचरी, झारफुक/मन्त्र गर्ने व्यक्तिहरूलाई आधुनिक उपचार प्रणालीबारे जानकारी तथा अभिमुखीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

९८. स्वास्थ्य शाखाबाट सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्यांकन एवम् तथ्यांक संकलन र प्रमाणीकरण कार्यलाई निरन्तरता दिइनेछ।

९९. नगरपालिका तथा स्वास्थ्य शाखाबाट विगतका वर्षहरूमा सञ्चालित प्रमुख कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरिनेछ।

१००. स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूलाई दीगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक योजनाको स्वास्थ्यसम्बन्धी लक्ष्यहरू, राष्ट्रिय अभियान तथा नगरपालिकाको स्वास्थ्य अवस्थासँग पूर्णरूपमा तादात्म्य हुने गरी उच्च मितव्ययिता, निर्दिष्ट

मापदण्ड तथा लक्ष्य एवम् नतिजामुखी भएर सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

१०१. संघ सरकार, प्रदेश सरकार र गैरसरकारी संघ संस्थाहरूबाट नगरपालिकाभित्र सञ्चालन हुने स्वास्थ्यसम्बन्धी कार्यक्रममा प्रभावकारी समन्वय तथा सहकार्य गरिनेछ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक सुधार</u>**

१०२. बालबालिकाको हक हित संरक्षणका लागि "बालसंरक्षण सम्बन्धी मापदण्ड" तर्जुमा गरिनेछ। साथै, बालबालिकाको नेतृत्व विकास तथा सामाजिक परिचालनका लागि वडास्तरीय तथा नगरस्तरीय बालक्लवका साथै इको क्लव, जुनियर रेडक्रस सोसाइटी, बालक्लब सञ्जाल, किशोर/किशोरी सञ्जालहरूलाई सक्रिय बनाइनेछ।

१०३. बाल यौन हिंसा तथा दुर्व्यवहार, सामाजिक सञ्जालको दुरूपयोग तथा साइबर अपराध नियन्त्रण, बालबालिका जन्मदर्ता तथा सडक बालबालिकामुक्त नगरपालिका निर्माणका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०४. विपन्न, दलित, एकल, द्वन्द्व तथा हिंसा पीडित महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर एवम् सीपयुक्त बनाउन सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. बालमैत्री विद्यालय, बालमैत्री वडा र बालमैत्री नगरपालिका घोषणा गर्ने नीतिलाई निरन्तरता दिइनेछ। बालबालिकाहरूका लागि नगरस्तरीय अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

१०६. लक्षित कार्यक्रमहरूलाई व्यवस्थित, समतामूलक, पिछडिएकाभित्रका पनि पिछडिएकालाई समेट्ने गरी उत्पादनमुखी, रोजगारी सिर्जना गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने, मानव पुँजीको निर्माणमा सघाउ पुऱ्याउने र समग्र लक्षित वर्गको मानव विकासमा सुधार पुऱ्याउने खालका कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइनेछ।

१०७. बालविवाह, बहुविवाह, बालश्रम, लागुपदार्थ दुर्व्यसनी, छाउपडी, दाइजो, बोक्सी तथा छुवाछुत जस्ता सामाजिक विकृतिहरूको न्यूनिकरणका लागि सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०८. नगरपालिकाको “बालबालिकासम्बन्धी स्थिति प्रतिवेदन” तयार गरिनेछ। साथै, “लैंगिक समानता एवम् सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजना” समेत तर्जुमा गरिनेछ।

## संस्कृति प्रवर्द्धन तथा पर्यटन विकास

१०९. आदिवासी जनजाति, अल्पसंख्यक तथा लोपोन्मुख समुदायहरूको भाषा, संस्कृति, चालचलन, ज्ञान, सीप तथा प्रविधिको संरक्षण, संवर्द्धन, प्रदर्शनी तथा प्रचारप्रसार गरिनेछ।

११०. ललितपूर महानगरपालिकासँगको सहकार्यमा परशुरामधाम क्षेत्रमा कलात्मक शैलीमा गणेश मन्दिर निर्माण गरिनेछ। साथै, वडा नं. १२ स्थित सिद्धाथान मन्दिरलाई संघ सरकारसँगको सहकार्यमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ।

१११. परशुराम नगरपालिकामा प्रचलित मौलिक संस्कृतिहरूः “रनपुतला नाच”, “छलीया बाजा र नाच”, “रोपाई बाजा तथा संस्कृति”, “मांगलिक गीत तथा फाग”, “विषु पर्व”, “साँस्कृतिक नाटक”, “गौरा पर्व”, आदिको संरक्षण, संवर्द्धन र प्रचारप्रसार गरिनेछ।

११२. परशुरामधाममा पर्यटकीय पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिँदै नगरपालिकाभित्रका धार्मीक स्थल, मन्दिर, कोट, गढी, ताल तलैया तथा नदीहरूलाई योग, ध्यान, अध्यात्म तथा मनोरञ्जन एवम् पर्यटकीय स्थलका रूपमा विकास तथा प्रचारप्रसार गरिनेछ।

११३. साहसिक पर्यटन प्रवर्द्धनका लागि महाकाली नदीमा सञ्चालित र्‍याफ्टिङ (Rafting) लाई व्यवस्थित र व्यावसायिक रूपमा विकास गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

**अब म वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।**

११४. वन, पर्यावरण, जैविक विविधता, जलस्रोत, ताल-तलैया, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग तथा नगरमा हरियाली तथा प्राकृतिक सौन्दर्यता अभिवृद्धि गर्न वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११५. नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सूचना प्रविधिमैत्री र विपद् सूचना केन्द्रका रूपमा विकास गर्दै विपद् पूर्वतयारी, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत वितरण, प्रतिकार्य, पुनःस्थापना र पुनर्लाभका कार्यक्रमहरूलाई प्रभावकारी बनाउँदै विपद् प्रतिरोधी तथा जलवायु उत्थानशील नगर निर्माणमा जोड दिइनेछ।

११६. युथ क्लाइमेट एक्सन फन्ड (Youth Action Climate Fund) को सहकार्यमा नगरका युवाहरूलाई आबद्ध तथा परिचालन गरी विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तनका प्रभाव न्यूनिकरण (Mitigation) तथा अनुकूलन (Adaptation) का क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

११७. "प्रभावमा आधारित मौसम पूर्वानुमान सेवा" लाई थप प्रभावकारी, विश्वसनीय र दिगो बनाउन आवश्यक संस्थागत, प्राविधिक तथा वित्तीय प्रबन्ध मिलाइनेछ।

११८. प्लाष्टिकमुक्त नगर अभियानलाई प्रभावकारी बनाउन प्रचलित कानूनी व्यवस्था तथा वातावरणीय मापदण्ड अनुसार प्लाष्टिकजन्य वस्तुहरूको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण र प्रयोगमा कडाइका साथ नियमन तथा अनुगमन गरिनेछ।

११९. फोहोरलाई स्रोतमै वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण र वैज्ञानिक व्यवस्थापनलाई अनिवार्य गर्दै व्यवस्थित फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र स्थापनाका लागि सम्बद्ध निकायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

**अब म सुशासन र संस्थागत विकास क्षेत्र अन्तर्गतका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।**

## शासकीय सुधार, सेवा प्रवाह तथा सुशासन

१२०. राष्ट्रिय तथा प्रादेशिक मापदण्डका आधारमा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) तयार गरी कार्यान्वयन गरिनेछ। साथै, २०८३ श्रावणबाट कर्मचारीहरूलाई पदगत कार्यविवरण प्रदान गरी कार्यसम्पादन सूचकहरूसहितको कार्यसम्पादन करार सम्झौता लागु गरिनेछ।

१२१. सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा सूचना प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउन कार्यप्रक्रिया पुनर्संरचना (Business Process Re-

engineering) गरी "एकीकृत सेवा प्रवाह कक्ष (One-Door-Service-Delivery-System)" तथा "अफिस अटोमेसन प्रणाली (Office Automation System)" को विकास गरिनेछ।

१२२. सूचनाको हकको कार्यान्वयन, आम्दानी तथा खर्च, र सेवा प्रवाह लगायतका विषयमा पारदर्शिता अभिवृद्धि गर्न "पारदर्शी परशुराम" नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१२३. सबै प्रकार, स्वरूप, र तहका भ्रष्टाचारलाई नियन्त्रण र निरूत्साहित गरिनेछ। नगरपालिकाबाट प्रदान गरिने सेवा तथा कार्यमा पारदर्शिता, जवाफदेहिता र सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ।

१२४. कर्मचारीहरूको मनोबल तथा उत्प्रेरणा अभिवृद्धि गर्न कार्यसम्पादनको वस्तुनिष्ठ मूल्यांकन गरी उच्च मितव्ययिता, वित्तीय अनुशासन, असल व्यवहार तथा सदाचार र नैतिकता प्रदर्शन गर्दै प्रभावकारी कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

१२५. नगर कार्यपालिकाको कार्यालयबाट टोली परिचालन गरी वडा कार्यालयबाट योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिंदै व्यवस्थित र प्रभावकारी बनाइनेछ। उपभोक्ताहरूलाई योजना तर्जुमा तथा कार्यान्वयन, निर्माण सामाग्री तथा बजार ज्ञान, बिल तथा कागजात तयारी, भुक्तानीको प्रक्रिया र सम्बद्ध कानूनका सम्बन्धमा अभिमुखीकरण गराइनेछ।

१२६. नगरपालिकामा शव बाहन सेवा प्रदान गर्न शव बाहन सञ्चालनमा ल्याइनेछ। साथै, नगरपालिकाभित्रका वडाबाट स्वास्थ्य संस्थासम्म निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ।

१२७. नगरभित्रको शान्ति सुव्यवस्था कायम गर्न, विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउन तथा प्राकृतिक स्रोत साधनको रेखदेख गर्न नगर प्रहरीको परिचालन गर्दै थप सुदृढ र स्रोतसाधनयुक्त बनाइनेछ।

## सूचना तथा सञ्चार

१२८. नगरपालिकाभित्र रहेका सडक, पर्यटकीय क्षेत्र, खानेपानी आयोजना, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य भौतिक पूर्वाधारहरूको तथ्यांक संकलन,

अभिलेखीकरण, नक्साङ्कन तथा व्यवस्थापनका लागि भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरिनेछ।

१२९. नगरपालिका तथा वडा कार्यालयहरूमा सेवा प्रवाहलाई छिटो, प्रभावकारी र प्रविधिमैत्री बनाउन उच्च गतिको इन्टरनेट/नेटवर्क सेवाको सुदृढीकरण तथा विस्तार गरिनेछ। कार्यालयको वेवसाइट व्यवस्थापन, डिजिटल कार्यसम्पादन, अभिलेख व्यवस्थापन, अनलाइन सेवा प्रवाह तथा सूचना प्रविधिको प्रभावकारी उपयोगका लागि आवश्यक डिजिटल उपकरण, सफ्टवेयर तथा पूर्वाधारको व्यवस्थापन र नियमित स्तरोन्नति गरिनेछ।

१३०. युवा, विद्यार्थी, उद्यमी तथा नवप्रवर्तन र सीप विकासमा रुचि राख्ने व्यक्तिहरूलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप र नवप्रवर्तनात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक पूर्वाधारसहितको ICT Lab स्थापना तथा सञ्चालन गरिनेछ। उक्त प्रयोगशालामार्फत डिजिटल साक्षरता, प्रोग्रामिङ, AI Tool, ग्राफिक डिजाइन, उद्यमशीलता लगायत प्रविधिमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछन्।

१३१. "डिजिटल नगरपालिकाः सुशासन, पारदर्शिता र समृद्धिको आधार" भन्ने अवधारणालाई कार्यान्वयन गर्दै नगरपालिकाका प्रशासनिक, वित्तीय तथा सेवा प्रवाहसम्बन्धी कार्यहरूलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ।

## वित्त व्यवस्थापन तथा वित्तीय अनुशासन

१३२. नगरपालिकाको कार्यसञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई कडाइका साथ लागु गरिनेछ।

१३३. चालु तथा प्रशासनिक खर्चमा एकरूपता, मितव्ययिता तथा प्रभावकारिता हासिल गर्न "नगरपालिकाको खर्चको मापदण्ड" तर्जुमा गरी लागु गरिनेछ।

१३४. नगरपालिकाका काम कारबाहीलाई जनमुखी, पारदर्शी, उत्तरदायी एवम् जनमुखी बनाउन एवम् वित्तीय सुशासन कायम गर्न लेखा समितिलाई सक्रिय र प्रभावकारी बनाइनेछ।

१३५. सार्वजनिक कोषको उपयोग तथा खर्चका सम्बन्धमा प्रक्रियागत सुशासनमा मात्र नभई सारभूत तथा गुणात्मक सुशासनमा जोड दिइनेछ।

१३६. वित्तीय अनुशासन कायम गर्न आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनका सुझावहरूको पूर्ण कार्यान्वयन गर्दै आर्थिक वर्ष २०८३/८४ लाई "शून्य बेरूजु अभियान वर्ष" का रूपमा मनाइनेछ।

१३७. आर्थिक सहायता वितरणलाई व्यवस्थित, पारदर्शी, समन्यायिक र वास्तविक बनाउन विद्यमान आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन तथा परिमार्जन गरिनेछ।

१३८. सार्वजनिक खरिदमा सूचना प्रविधिको प्रयोग, पारदर्शिता, प्रतिस्पर्धा, मितव्ययिता र गुणस्तर सुनिश्चित हुने गरी खरिद योजना अनुसार खरिद गर्ने परिपाटीको विकास गरिनेछ।

१३९. एकभन्दा बढी कार्यालयको जिम्मेवारी सम्हाले वापत् प्रदान गरिएको प्रोत्साहन भत्तालाई सम्वत् २०८३ श्रावण १ गतेबाट लागु हुने गरी खारेज गरिनेछ।

१४०. महालेखापरीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका निगरानी गर्ने निकायहरूका वार्षिक प्रतिवेदन तथा समय-समयमा प्राप्त हुने सुझावहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

## राजस्व परिचालन

१४१. आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माणका लागि नगरपालिकाको आन्तरिक आयमा बढोत्तरी गर्न आन्तरिक स्रोतको अनुमान तथा प्रक्षेपणलाई तथ्यांकमा आधारित एवम् वैज्ञानिक बनाउँदै कर तथा गैरकर राजस्वका क्षेत्रहरूको पहिचान गरी करको दायरा विस्तार गरिनेछ। साथै, नगरपालिकाको "राजस्व सुधार कार्ययोजना" तयार गरी कार्यान्वयन गरिनेछ।

१४२. कारदाता शिक्षा, सचेतना तथा सहजीकरण कार्यक्रम सञ्चालन गरी स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ। साथै, कर भुक्तानी प्रक्रियालाई सरल, सहज तथा विद्युतीय प्रणालीमा आधारित बनाइनेछ।

१४३. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायलाई अनिवार्यरूपमा दर्ता र नियमित नवीकरणको दायरामा ल्याइनेछ।

१४४. राजस्व संकलन, अभिलेखीकरण तथा भुक्तानी प्रणालीलाई पूर्णरूपमा सूचना प्रविधिमा आधारित बनाउँदै Mobile Apps/QR प्रणाली मार्फत समेत कर संकलन गर्ने प्रबन्ध मिलाइनेछ।

१४५. राजस्व संकलन, दाखिला तथा प्रशासन सम्बद्ध कर्मचारीहरूको क्षमता विकासका लागि तालिम, प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**तथ्यांक सुदृढीकरण तथा तथ्य प्रमाणमा आधारित नीति संस्कृति**

१४६. नगरपालिकाक्षेत्रभित्रका आधारभूत तथा क्षेत्रगत तथ्यांक संकलन, प्रशोधन, वर्गीकरण, अभिलेखांकन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन "तथ्यांक सुदृढीकरण तथा व्यवस्थापन कार्यक्रम" सञ्चालन गरिनेछ।

१४७. नगर कार्यपालिकाका शाखा तथा वडा कार्यालयहरूलाई "तथ्यांक इकाइ" का रूपमा विकास गरिनेछ। साथै, सम्पन्न तथा कार्यान्वयन भएका हरेक आयोजना तथा कार्यक्रम र सेवा प्रवाहको कार्यबाट आवश्यक तथ्यांक, लाभान्वित वर्ग तथा लाभग्राहीहरू, खर्च, उपलब्धि र प्रभावसहितको प्रतिवेदन तयार गरिनेछ।

१४८. आगामी आर्थिक वर्षदेखि नगरपालिकाको आर्थिक सर्वेक्षण प्रकाशन गरिनेछ। दीगो विकासका लक्ष्यहरूको स्थानीयकरण प्रतिवेदन तयार गरिनेछ।

१४९. कर्मचारीहरूको क्षमता विकासका लागि सूचना प्रविधि तथा विभिन्न सफ्टवेयर सञ्चालन, तथ्यांक संकलन, प्रशोधन र विश्लेषण सीप प्रदान गर्न तालिमको व्यवस्था गरिनेछ।

**कानून तथा स्थानीय न्यायिक समिति**

१५०. नगरपालिकाका विद्यमान कानूनहरूमा आवश्यक संशोधन, परिमार्जन तथा नयाँ कानूनको तर्जुमा गरिनेछ।

१५१. स्थानीय न्यायिक समिति तथा वडाका मेलमिलाप केन्द्रहरूको काम कारबाही र तथ्यांक एवम् अभिलेख प्रणालीलाई व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ।

१५२. मानव अधिकारको संवर्द्धन तथा प्रवर्द्धन, द्वन्द रूपान्तरण र घरेलु हिंसा न्यूनिकरण सम्बन्धमा वडाका मेलमिलाप केन्द्रहरूसहित समुदायका मानिसहरूका लागि कानूनी सचेतना तथा प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५३. न्यायिक समितिको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धिमा जोड दिँदै न्याय सम्पादनमा संलग्न पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, एकल महिला, विपन्न, सीमान्तकृत तथा सामाजिक रूपमा पछाडि परेका समुदायको न्यायमा पहुँच अभिवृद्धि गर्न लक्षित कार्यक्रम, कानूनी सहायता, परामर्श तथा सहजीकरण सेवाहरू सञ्चालन गरिनेछन्।

**अन्त्यमा,**

परशुराम नगरवासीको प्रभावकारी सेवा प्रवाह, विकास, सुशासन, न्याय र समृद्धिको आकांक्षालाई उपलब्ध स्रोत-साधनको प्रभावकारी परिचालन गर्दै पूरा गर्ने प्रतिबद्धताका साथ यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको हो। नगरवासीको आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्ने यस नीति तथा कार्यक्रमको तयारीका क्रममा अमूल्य सल्लाह, सुझाव तथा सहयोग पुऱ्याउनुहुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, स्वदेश तथा विदेशमा रहनुभएका युवाहरू, विद्यार्थीहरू, प्राज्ञिक वर्ग, शिक्षक, किसान, मजदुर, उद्योगी, व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी, विकास साझेदार, गैरसरकारी संघ संस्थाहरू लगायत सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु।

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने विस्तृत कार्यक्रम र बजेटको विवरण यसै नगरसभाको आगामी बैठकमा प्रस्तुत गरिने जानकारी गराउँदछु। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरूबाट निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागिताको अपेक्षा राख्दै हालसम्म प्राप्त सद्भाव, सहयोग र समन्वयका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद!**

**जय परशुराम!**

**जय परशुरामबासी!**